# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलौरी, कञ्चनपुर
## सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०७९।०८०
च.नं.:

## कवाड संकलन सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७९।०४।२४)

आ.व.२०७९/०८० मा यस नगरपालिका क्षेत्रभित्र उत्पादन हुने खालि सिशी(बोत्तल)र कवाड संकलनको सिलबन्दी ठेक्का बढाबढ गरी ठेक्का दिनु पर्ने भएकोले उक्त ठेक्काको लागि प्रस्ताव पेश गर्न ईच्छुक नेपाली नागरीक, संघ संस्थाहरुले तपसिलको शर्त पालना गर्ने गरी ठेक्कामा भाग लिन हुन यो १५ दिने सूचना प्रकाशित गरीएको छ ।

तपसिल

१. यस कार्यालयमा दरभाउपत्र दस्तुर रु.१०००।०० तिरी वा यस बेलौरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक , बेलौरी शाखा कार्यालयमा रहेको आन्तरिक राजस्व खाता न ४३९०१००३०१०१०००२ मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर लिई दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२.ठेक्काको न्यूनतम रकम अंक:- रु. ४,७५,000।-(अक्षरुपी चार लाख पचहत्तर हजार रुपैंया मात्र)भ्याट बाहेक।

३. ठेक्का रकम सदर भएको ७ दिन भित्र ५० प्रतिशत रकम जम्मा गरी कार्यदेश लिनु पर्ने छ । बाँकी रहेको ५० प्रतिशत रकम २०७९ सालको पौष मसान्त भित्र जम्मा गर्नु पर्ने छ ।

४. सिलबन्दी खाम मिति २०७९/०५/०८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा वा सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा दरभाउपत्र दस्तुर जम्मा गरेको भौचर र धरौटी नगदै जम्मा गरेको सक्कल बैंक भौचर सहित शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात संलग्न गरी पेश गर्नु पर्नेछ र यसरी रितपूर्वक प्राप्त हुन आएका सिलबन्दी प्रस्तावहरु सोही दिनको दिउँसो १ बजे निवेदकहरु र कार्यालयका प्रतिनिधीहरुको रोहबरमा नगरपालिका भवनमा खोलिने छ । तर निवेदक उपस्थित नभए पनि सिलबन्दी निवेदन खोल्न सकिनेछ ।

५. प्रस्ताव पेश गर्दा आफुले कवोल गरेको अंकको १० प्रतिशतका दरले हुने धरौटी रकम यस बेलौरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक , बेलौरी शाखा कार्यालयमा रहेको धरौटी खाता न ४३९०१००३०३००००२ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

**NOTE:** साथै बिद्युतिय खरिद प्रणाली **www.bolpatra.gov.np/egp** मार्फत प्रस्ताब पेश गर्दा अनलाइन bid document मा देखिएको धरौटी रकम नभई आफुले कवोल गरेको अंकको १० प्रतिशतका दरले हुने धरौटी रकम जम्मा गरेको सक्कल रशिद लाई शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गरी पेश गर्न सकिने छ ।

६. ठेक्का सदर वा बदर गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

७. बिस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### सिलबन्दी निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरु ।

क) व्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी एवं स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख) व्यवसायी, सप्लायर्स, कम्पनीहरुको हकमा व्यवसाय दर्ता प्रमाणपत्र एवं आ.व. २०७९।०८० को लागि नविकरण भएको प्रतिलिपी, मूल्य अभिवृद्धि करमा दर्ता गरेको प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

२०७९।०५।२४
सुशिला लेखक
प्रमुख प्रशासकीय अधिकृत

Phone: 099-580292 / 221 Email: belaurimunicipality@gmail.com Website: http://www.belaurimun.gov.np